आ.व. २०८०।०८१

वैठकः- नगर कार्यपालिका वैठक

अध्यक्षताः- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

वैठक नं. १३।०८०।०८१
मितिः-२०८१।०१।२८ गते
स्थानः- ता.न.पा मिनिहल
समयः- विहान ७.३० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार वस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा ४ | सदस्य |
| | श्री राम वहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा ६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | ।सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री हरिराम नागिला | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| मान बहादुर कार्की | डी.वि.वडा अध्यक्ष | ता.न.पा.५ | |
| श्री ध्रुव ज्ञवाली | " " | " २ | |

**निर्णय नं. १**

तानसेन नगर कार्यपालिकाको यस अगाडी भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो । हालसम्म गरिएका निर्णयहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकाबाट चालु आ.व.२०८०।०८१ मा महिला मैत्री पूर्वाधार विकास तर्फ रकम रु.२० लाख विनियोजन गरिएकोमा महिला मैत्री पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ७ बमोजिम देहायका आयोजना कार्यान्वयनको लागि आयोजना व्यवस्थापन समितिबाट सिफारिस भई आएकोमा स्वीकृत गर्ने निर्णय गरियो ।

**देहाय :**

| सि.नं. | आयोजनाको नाम | ठेगाना | ल.ई.रकम रु. |
|---|---|---|---|
| १ | धोवीधारा (वैसेधारा) निर्माण कार्य | ता.न.पा.७ | १३४७५४२।१९ |
| २ | माथिल्लो धरमपानी अधुरो भवन ट्रष्ट निर्माण | ता.न.पा.५ | ५१९,७९,३।०३ |
| ३ | महिला मैत्री पूर्वाधार (कदमधारा स्नानगृह) | ता.न.पा.२ | १२१७००।२३ |
| | | जम्मा | १९८९०३५।४५ |

**निर्णय नं. ३**

तानसेन नगरपालिकाको आगामी आ.व.२०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम मिति २०८१।२।१५ गते भित्र पेश गर्न विषयगत समितिहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसनेन नगरपालिका क्षेत्रको प्रभावकारी विकास व्यवस्थापनको लागि काठमाण्डौं ईन्जिनियरिङ्ग कलेज, तानसेन गुठी र तानसेन नगरपालिका बीचको त्रिपक्षीय सहकार्यमा आवश्यक कार्य अगाडी बढाउन व्यवस्थापन खर्चको लागि चालु आ.व.को नगर विकास योजनाको विविध शिर्षकबाट रकम रु.१०००००।- (एकलाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिकाको चालु आ.व. २०८० ०८१ को नगर विकास योजनामा उल्लिखित र आधारित सम्पूर्ण योजना तथा कार्यक्रमहरु चालु आ.व.को जेष्ठ मसान्तसम्म कार्य सम्पन्न गरी भुक्तानीको लागि सवै वडा कार्यालयवाट सिफारिस गरिसक्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिका वडा नं. १४ स्थित धार्मिक स्थल हृषिकेश मन्दिरको घाटमा वत्तीको व्यवस्था, मन्दिरमा सी.सी.क्यामेरा जडान र दरवार स्क्वायरको पानी निकासको लागि लगत इष्टिमेट अनुसार कार्य गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौंको मिति २०८१ ०१ १७ गते प्रकाशीत स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संचालनका लागि स्थानीय तह छनौट सम्बन्धी आशय पत्रको वारेमा बैठकमा जानकारी भयो । यस सम्वन्धमा उक्त कार्यक्रम यस तानसेन नगरपालिकामा संचालन गर्न सम्बन्धित निकायसंग समन्वय र सहकार्य गर्ने र यस कार्यको लागि आशय पत्र पेश गर्ने साथै इच्छा र प्रतिवद्धताको लागि देहाय बमोजिमका कार्यहरु गर्ने निर्णय गरियो ।

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

निर्णय प्रमाणीकरण
२०८१।१।२८

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**देहाय :**

(क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संचालन गर्न यस नगरपालिकाको तर्फबाट इच्छा र प्रतिबद्धता जनाउनको लागि उक्त कार्यक्रमसंगको सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेट निर्माण गर्ने, स्थानीय पूर्वाधार विकासका लागि नवीनतम् र सुधारिएका तरिका, साधन र विधि अवलम्बन गर्ने, यस कार्यक्रम मार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्ने र खर्चको लेखाजोखा SUTRA र लेखा परीक्षण मार्फत गर्ने ।

(ख) बार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसंगको सह लगानीको लागि ग्रामीण सडक सुधार/पुनर्स्थापना सम्बन्धी आयोजनाको लागि ४० प्रतिशत, साना सिंचाई, खानेपानी तथा सरसफाई, भवन मर्मत सम्बन्धी आयोजनामा ४० प्रतिशत, विपद् जोखिम न्यूनिकरण, जलवायु उत्थानशील र वैकल्पिक उर्जा सम्बन्धी आयोजनामा कम्तिमा २० प्रतिशत बजेट विनियोजन गर्ने ।

(ग) पूर्वाधार सेवा प्रवाह एवम् सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयारी एवं परिमार्जन तथा अनुमोदन गर्ने ।

(घ) स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयारी तथा अद्यावधिक गर्ने र सोको जानकारीको आधारमा पूर्वाधार मर्मत सम्भारको योजना र बजेट तर्जुमा गर्ने ।

**निर्णय नं. ८**

तानसेन नगरपालिकाको कार्यमा प्रभावकारिता ल्याउन नगरपालिकाबाट तयार गरिएको देहाय बमोजिमका नियमावली, कार्यविधि, दिग्दर्शन, निर्देशिका तथा प्रारुपको बारेमा जानकारी भयो । यसलाई अन्तिम रुप दिन दफावार छलफलको लागि विधायन समितिमा पठाई निर्णयार्थ कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**देहाय :**

| सि.नं. | विवरण |
|---|---|
| १ | तानसेन नगरपालिकाको राजस्व सुधार योजना निर्माण प्रारुप २०८१ |
| २ | तानसेन नगरपालिकाको बेरुजु फर्छ्यौट निर्देशिका, २०८१ |
| ३ | तानसेन नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०८१ |
| ४ | तानसेन नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ |
| ५ | तानसेन नगरपालिकाको वार्षिक योजना कार्यक्रम तथा बजेट तर्जुमा दिग्दर्शन २०८१ |

**निर्णय नं. ९**

तानसेन नगर क्षेत्र भित्र रहेका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने उद्देश्यले मिति २०८०।०७।१७ को सम्झौता र कार्यदेश बमोजिम कार्य सम्पन्न गरी तयार गरिएको वृत्तचित्र सहित भुक्तानीको माग परेकोमा कुटुम्ब मिडिया नेटवर्क प्रालिलाई चालु आ.व.को नगर विकास योजनाको **विविध खर्च शिर्षकबाट** रकम रु.१००००० (अक्षेरुपी एक लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णय कायम भयो ।
२०८१।१।२८

CamScanner

**निर्णय नं. १०**

तानसेन नगरपालिकाको चालु आ.व.२०८०।०८१ को लागि नगर विकास योजनाको **मर्मत सम्भार कोष शिर्षकवाट** खर्च गर्ने गरी देहायका योजनाहरुलाई रकम विनियोजन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १ पाल्पा दरवार नजिक उदय होटल नजिकको पुरानो ढल मर्मत ता.न.पा. २ | रु.२,४४,०००। |
| २ ता.न.पा १३ शारदा मा.वि छेर्लुङ ट्रष्ट निर्माण | रु.१,३१,०००। |
| ३ अर्गली कुलो मर्मत ता.न.पा. १४ | रु.२,४५,०००। |
| ४ वोखर राजुगैरा गोरेटो वाटो भल व्यवस्थापन ता.न.पा. ११ | रु.२०,०००। |

निर्णय प्रमाणिकरण

२०८१।५।२८